**मिति २०७८/१२/७ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु**

१. कोन्द्रे खोला ठेक्का व्यवस्थापन सम्बन्धमा ।
२. कर्मचारी विज्ञापन तत्कालका लागि रोक्का सम्बन्धमा ।
३. नगर प्रमुख विपन्न परिवार आय आर्जन कार्यक्रम सम्बन्धमा ।
४. मध्यमकालिन खर्च संरचना तर्जुमा सम्बन्धमा ।
५. स्थानीयतह वित्तिय सुशासन जोखिम मुल्याङ्कन सम्बन्धमा ।
६. खाद्य सुरक्षा समिति बैंठक सम्बन्धमा ।
७. भुन्टेडाँडा केसर खानी सम्बन्धमा ।
८. स्वीकृत रिक्त दरवन्दी लोकसेवा माग गर्ने सम्बन्धमा ।
९. कृषि पूर्वाधार निर्माण माग गर्ने सम्बन्धमा ।
१०. आवधिक योजनाको समिक्षा सम्बन्धमा ।
११. योजना तथा कार्यक्रम संसोधन सम्बन्धमा ।
१२. भूमी आयोगमा काम गर्ने कर्मचारी थप सुविधा सम्बन्धमा ।
१३. जस्ता पाता सम्बन्धमा ।
१४. योजना सम्झौताको समयावधि थप सम्बन्धमा ।
१५. ल्यावका कर्मचारीको जोखिम भत्ता सम्बन्धमा ।
१६. माटो निकासी सम्बन्धमा ।
१७. नगरपालिकाको प्रशासकीय भवन उद्घाटन गर्ने सम्बन्धमा ।
१८. उप मेयरकप किकेटमा रकम थप गर्ने सम्बन्धमा ।
१९. सार्वजनिक जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
२०. नगर स्तरीय खेलकुद समितिलाई धन्यवाद दिने सम्बन्धमा ।
२१. डिपिआर निर्माण गर्न माग गर्ने सम्बन्धमा ।
२२. कर्मचारीको तलवी प्रतिवेदन स्वीकृत तथा अनुमोदन सम्बन्धमा ।
२३. खेलकुद समितिलाई धन्यवाद दिने सम्बन्धमा ।
२४. विविध सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने विभिन्न खोलाहरुको नदीजन्य पदार्थ उत्खनन्, संकलन र विकी गरी आय संकलन गर्ने कार्यको लागि बोलपत्र आब्हान भएबमोजिम ठेक्का नं. ३३ (आ.११) कोन्द्रे खोलाको नदीजन्य पदार्थ विकी गर्ने कार्यको ठेक्का सवै भन्दा बढी रु ९५ लाख (मुअकर बाहेक) कवोल गर्ने मनकामना इलेक्टो इन्टरनेशनल इन्टरप्राइजेज काठामाण्डौं ११ को स्वीकृत भई मिति २०७८/१०/१७ गते ठेक्का सम्झौता गर्न आउन भनि पत्राचार गरिएको । फोनबाट पटक पटक सम्झौताको लागि आउन अनुरोध गरिएकोमा विभिन्न मितिमा निम्न बमोजिम रकम जम्मा गरेको तथा बैंक जमानत पेश भएको अवस्था रहेको छ ।

***तपशिल***

(क) यस कार्यालयको विभाज्य कोष खातामा रु १६,९०,०००।- जम्मा गरेको बैंक भौचरहरु ।

(ख) उक्त ठेक्काको लागि सहानी विल्डर्स प्रा.लि.ओमसतिया ३ रुपन्देही जमानी बसी मेघा बैंकबाट यस कार्यालयलाई जमानत दिएको रु २५०००००।- को जमानत पत्र ।

(ग) मुअकर बापत आधा रकम रु ६१७५००।- सम्बन्धित राजश्व खातामा दाखिला गरेको भौचर संलग्न ।

(घ) अग्रीम आयकर बापत पुरै रकम रु १४२५००।- सम्बन्धित राजश्व खातामा दाखिला गरेको भौचर संलग्न ।

(ङ) दोस्रो बढी कवोल गर्ने खड्का माटो सप्लायर्सले समेत उक्त ठेक्कामा राखेको मेरो धरौटी रकम रु ४५३०००।- पहिलो बढी कवोल गर्ने मनकामना इलेक्टो इन्टरनेशनल इन्टरप्राइजेजको सम्झौतामा हिसाव मिलान गरि दिन भनि निवेदन दिएको ।

(छ) मनकामना इलेक्टो इन्टरनेशनल इन्टरप्राइजेजले सो कार्यको बोलपत्र दर्ता गर्दा रु ५ लाख धरौटी राखेको । मिति २०७८/११/२६ मा २५ लाख कार्यालयको खातामा जम्मा गरेको र २५ लाखको बैंक जमानत पेश गरेकोले बाँकीको बैंक जमानत पेश गर्ने र रकम समेत जम्मा गर्दै जाने गरी डम्पीङ्ग आदेश दिन र जमानत समेत पुरै रकम जम्मा गरेपश्चात निकासी आदेश दिने गरी सोही क्षेत्रमा डम्पीङ्ग आदेश दिन भन्ने समेतका व्यहोरा उल्लेख गरी निवेदन दिएको अवस्था छ ।

निवेदनमा उल्लेख गरेजस्तो रु २५ लाख यस कार्यालयको खातामा जम्मा नभएको अवस्था रहेको र सम्झौता गर्न पत्राचार गरे बमोजिमको रकम लिई आउन भनि पटक पटक फोन मार्फत समेत जानकारी गराउदा उक्त फर्मका प्रतिनिधि युवराज शर्मा न्यौपानेले कहीले अफिसमा उपस्थित भई ३ दिन भित्र आउछु भन्ने कहिले फोनमा समय माग्दै जाने विच विचमा रकम राख्दै जाने गर्दा कार्यालयले पहिलो बढी कवोल कर्ताले उल्लेखित रकम जम्मा गर्दै गर्दा सम्झौता गर्न आउने विश्वासमा दोस्रो बढी कवोल कर्तालाई पत्राचार गर्न समेत नसकिएकोमा समय व्यतित हुदै गएको निजले पत्राचार गरेबमोजिमको रकम दाखिला गर्न नसकेको अवस्था देखिएकोले मुअकर तथा अग्रीम आयकर बापत सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरेको रु ७६००००।- नेपाल सरकारको राजश्व खातामा जम्मा गरेकोले उक्त रकमका सन्दर्भमा यस नगरपालिकाले केही गर्न सक्ने अवस्था नरहेकोले उक्त पहिलो बढी कवोल कर्ताले सो कार्य बापत राखेको धरौटी रु ५ लाख जफद गरी कवोल गर्ने तर कार्य गर्न नसकेको र कार्यालयलाई लामो समय सम्म प्रकृया अगाढी बढाउन समेत अलमल बनाएकोले सम्झौताको लागि पत्राचार गरेको मितिले ७ दिन पछाडीबाट दण्ड स्वरुप दैनिक रु ३०००।- का दरले आजका मिति सम्म हुने रु १२९०००।- जरीवाना कट्टा गरी बाँकी रकम फिर्ता तथा बैंक जमानत फुकुवा गरि दिने र नियमानुसार दोस्रो बढी कवोल गर्नेलाई सम्झौताको लागि पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल यस कार्यालयबाट अमिन, अहेव, प्राविधिक कर्मचारी करार सेवामा राखी कार्य गराउन मिति २०७८/११/११ मा विज्ञापन भएकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सुझाव कार्यान्वनलाई लेखेको पत्र मन्त्रालयबाट कार्यान्वनको लागि लेखिआएकोले तत्कालको लागि उक्त विज्ञापन रोक्का राख्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगर प्रमुख विपन्न परिवार आय आर्जन कार्यक्रम व्यवस्थापन कार्यविधि २०७८ बमोजिम गर्ने । सो कार्यको लागि चालु आ.व.मा रहेको रकम रु ५० लाख बाट निम्न अनुसार विनियोजन गरी कार्यक्रम संचालन गर्ने र छनौट गर्दा ६० प्रतिशत नगर प्रमुखले र ४० प्रतिशत सम्बन्धित वडाका वडा अध्यक्षको सिफारिसमा गर्ने निर्णय गरियो ।

**कार्यक्रम संचालनको लागि विनियोजित रकम**

| सि.नं. | कार्यक्रम गर्ने वडा नं | वडा अनुसार तोकिएको रकम |
|---|---|---|
| १ | १ | ४५०००० |
| २ | २ | ४५०००० |
| ३ | ३ | ३००००० |
| ४ | ४ | ४५०००० |
| ५ | ५ | १५०००० |
| ६ | ६ | ४५०००० |
| ७ | ७ | ३००००० |
| ८ | ८ | ३००००० |
| ९ | ९ | ४५०००० |
| १० | १० | ३००००० |
| ११ | ११ | ३००००० |
| १२ | १२ | ४५०००० |
| १३ | १३ | ३००००० |
| १४ | १४ | ३००००० |
| १५ | व्यवस्थापन खर्च | ५०००० |
| | जम्मा | ५०००००० |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम मध्यमकालिन खर्च संरचना बनाउने सन्दर्भमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो । स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम मध्यमकालिन खर्च संरचना बनाउने र सो कार्यको लागि लाग्ने आवश्यक खर्च कन्टिन्जेन्सी लगायत बचत हुने जुनसुकै शिर्षकको रकमबाट समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा वित्त जोखिम न्यूनिकरण सम्बन्धि अधिमुखिकरण कार्यक्रम सम्पन्न गरियो । उक्त बमोजिम तोकिएका सूचक अनुसारको कार्य सम्पादन गरी बढी भन्दा बढी अङ्क प्राप्त गर्ने गरी सवै शाखाहरुले आ-आफ्नो कार्य गर्ने र जनप्रतिनिधिहरुले समेत आवश्य सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व.को सर्शत अनुदान तर्फ पोषण संवेदनशिल कार्यक्रम शिर्षकमा रु ५०००००।- वजेट विनियोजन भएकोमा बहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृत बजेट खर्च सम्बन्धी निर्देशिका बमोजिम उक्त रकम निम्न अनुसार विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

*तपशिल*

१. वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैंठक खर्च १४ वडा प्रतिवडा रु १५४०० का दरले रु २१५६००।-

२. नगरपालिका स्तरिय बैंठक खर्च रु ४५५००।-

३. बाल पोषण अभिमुखिकरण कार्यक्रम संचालन रु २३८९००।-

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको च.नं. १५७ मिति २०७८/११/१८ को पत्रबाट जिल्ला अनुगमन समितिको निर्णय संलग्न राखी निर्णय कार्यान्वयन गरी जानकारी दिन भनि भुन्टेडाँडा मिनरल्स उद्योगले सोही स्थानको खानीबाट उत्खनन् गरिरहेकोले खानी विभागबाट अनुमती नलिएको देखिएकोले उत्खनन् कार्य हाल लाई रोक्न र अनुमती लिएर मात्र संचालन गर्ने कार्य गराउन भनि आएको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १ को दफा ११ को (प) को ७ मा ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो , खरिढुङ्गा तथा स्लेट जस्ता खानीजन्य बस्तुको सर्वेक्षण, उत्खनन्, तथा उपयोगको दर्ता, अनुमती, नविकरण, खारेजी र व्यवस्थापन गर्ने जिम्मा पालिकाको एकल अधिकार भित्र रहेको व्यवस्था बमोजिम नगरपालिकाले आर्थिक ऐनमा समेत खानी संचालन दस्तुर तोकेको र प्रदेश सरकारबाट जारी भएको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को परिच्छेद २ मा नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र संचालन सम्बन्धि व्यवस्थामा सम्बन्धित स्थानीय तहले उद्योग संचालनको अनुमती दिने व्यवस्था गरेको र सोही कार्यविधिको ३ को (ख) मा कसर उद्योगले प्राप्त गर्ने कच्च पदार्थको सुनिश्चितता हुनु पर्ने अथवा उपलब्ध गराउनेसँग भएको सम्झौता हुनु पर्ने भन्ने उल्लेख भएकोले सोही कार्यविधि बमोजिम उक्त उद्योगको नाममा रहेको जग्गाबाट कच्चा पदार्थ व्यवस्था गर्ने गरी खानी संचालनलाई कार्यपालिकाको निर्णय बमोजिम स्वीकृती दिएकोले हाललाई उक्त कार्य रोक्न नसकिने व्यहोरा जानकारी गराउने र खानी विभागमा समेत दर्ता गर्नु पर्ने कुनै कानुनी व्यवस्था भए दर्ताको लागि जान उद्योगलाई पत्राचार गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको पत्रबाट रिक्त दरवन्दीमा कर्मचारी माग गर्न र नियुक्ती हुने कर्मचारीहरुको सेवा, शर्त तथा सुविधा पछी बन्ने स्थानीय सेवाको कर्मचारी सम्बन्धी कानुन बमोजिम हुने विषय उल्लेख गरी निर्णय सहित माग गर्न भनि लेखिआएको सन्दर्भमा छलफल भयो । यस नगरपालिकाका स्वीकृत दरवन्दीमा रिक्त निम्न पदहरु पूर्तिको लागि माग गर्ने र नियुक्ती हुने कर्मचारीहरुको सेवा, शर्त तथा सुविधा पछी बन्ने स्थानीय सेवाको कर्मचारी सम्बन्धी कानुन बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

*तपशिल*

१. जनस्वास्थ्य अधिकृत सातौ तह - १ जना

२. स्टाफ नर्स पाचौ तह - १ जना

३. हेल्थ असिस्टेन्ट पाचौ तह - ६ जना

४. अहेव चौथो तह- ६ जना

५. अनमी चौथो तह - ७ जना

६. सहायक पाँचौ प्रशासन सेवा - २ जना

७. सहायक चौथो प्रशासन सेवा - ३ जना

८. सहायक महिला विकास निरिक्षक विविध सेवा- १ जना

९. सव इन्जिनियर पाचौ तह प्राविधिक सेवा - ३ जना

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, आयोजना निर्देशकको कार्यालय ललितपुरको कृषि पूर्वाधार विकासका लागि आशयपत्र पेश गर्ने सूचना बमोजिम आर्थिक करिडोर कार्यालय बुटवल रुपन्देहीमा पेश गर्न भनि सूचना प्रकाशन अनुसार सो को निर्देशिका बमोजिम निम्न कार्यको लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) कृषि तथा पशु सेवा केन्द्र कार्यालय भवन निर्माण शिनपा ३ ठाडा ।

(ख) स्थानीय कृषि उपज संकलन केन्द्र शिनपा ८ लाहापे ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७५/०७६ मा निर्माण भएको आवधिक योजनाको समिक्षा गरियो । आवधिक योजनामा प्राथमिकताका क्षेत्र सहित उल्लेख भएबमोजिम कार्यान्वयन प्रकृया अगाडी बढी रहेको अवस्थाको समिक्षा गरियो । आवधिक योजना कार्यान्वयनका सन्दर्भमा हाल सम्म करिव ६० कि.मी सडक ग्राभेल भएको, नगरपालिकाको भवन निर्माण सम्पन्न हुने अवस्थामा पुगेको, ८ वटा वडा कार्यालय भवन निर्माण सम्पन्न भएका, १० वटा स्वास्थ्य इकाई भवन निर्माण भएका, आय आर्जन तर्फ उत्पादनमा आधारित अनुदान वितरण मार्फत मासु जन्य पदार्थमा आत्मनिर्भर भई नगर बाहिर निकासी भई रहेको, दुधमा आत्मनिर्भर भएको, तरकारीको क्षेत्रमा समेत केही सुधार भई रहेको, सहकारी भवनहरु वन्दै गरेका, विद्यालय भवन निर्माण तथा मर्मत सुधार भएका, दिवा खाजाको माध्यमबाट विद्यालय भर्ना दर बृद्धी भएको, सवै नगरवासीलाई सुलभ स्वास्थ्य सुविधाको लागि विभिन्न स्थानमा स्वास्थ्य इकाईहरु थप गरी संचालन गरिएका, स्वास्थ्य तर्फ जनशक्ती थप गरि रोजगारी समेत प्रदान गरिएको, खानेपानीको सुविधा व्यवस्थित गरी करिव १५०० घर परिवारलाई मिटर सिस्टमको खानेपानी संचालन भएको, सिंचाई सुविधा पुराउन २५०० मीटर पक्की आर सिसि कुलाहरु निर्माण तथा मर्मत सुधार भएका, ५ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएका, विभिन्न

स्थानमा पार्कहरु निर्माणाधिन अवस्थामा रहेको अवस्था छ । आगामी दिनमा समेत आवधिक योजना थप प्रभावकारी रुपमा कार्यान्वयनका लागि मध्यमकालिन खर्च संरचना निर्माण गरी सोही बमोजिम कार्यान्वनय गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा नवौं नगरसभा तथा कार्यपालिका बैंठकबाट विभिन्न योजना तथा कार्यक्रमको लागि वजेट विनियोजन भएकोमा उक्त योजना तथा कार्यक्रमहरु मध्ये निम्न बमोजिमका योजनाहरु संसोधन गर्नु पर्ने भएकोले संसोधन गरी निम्न अनुसार कार्यान्वयन गर्ने ।

**तपशिल**

| नवौं नगरसभाबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम रु हजारमा | योजना/कार्यक्रमको नाम | रकम रु हजारमा | |
| रातामाटा सामुदायिक भवन (न.पा.७२/१६) | १०० | कालिका मन्दिर निर्माण डोटेखर्क ५ | १०० | सं स.अ |
| चिसापानी शिवादह ठूलाखेत मा.वा.(न.पा. तर्फ ६५/२०) | १०० | शिवादह चिसापानी माझिदमार मो.वा. | १०० | सं स.अ |
| नेटाखर्क वराताल माछापालन तथा संरक्षण कार्यक्रम (वडा नं. १३) | ५० | हिटनटोला दलित वस्तीमा खा.पा. हिलटंकी खरिद तथा वितरण १३ | ५० | सं स.अ |
| कोइडाडा मन्दिर मर्मत (वडा तर्फ १३) | ५० | गोत्रेपानी प्रतिक्षालय निर्माण १३ | ५० | सं स.अ |
| बन्यजन्तुबाट विभिन्न बस्तीमा बाली संरक्षण कार्यक्रम (वडा तर्फ १३) | १५० | बुद्ध आ.वि. तारवार | १५० | सं स.अ |
| मन्द्रे साविक ७ र ८ सिलाई कटाई तालिम ( न.पा. तर्फ ५६/१) | १०० | रानाटोला टोडकी कुलो मर्मत वडा नं. ४ | १०० | स.अ.प्रदेश |
| हल्दे काउले सिलाई कटाई तालिम (न.पा. तर्फ ५६/४) | १०० | पिरापानी मो.वा. वडा नं. १२ | १०० | स.अ.प्रदेश |
| भेडामारे पम्प देखि बाणगंगा धाम मो.वा. ( न.पा. तर्फ ६७/५०) | १०० | छेडाटोल प्रतिक्षालय शिनपा ४ | १०० | सं स.अ |
| बगाले सिंचाई कुलो निर्माण (वडा ९, ७८/१०/१४) | ५० | धोखोला सित्तलपाटी प्रतिक्षालय मर्मत ९ | ५० | सं स.अ |
| मगर संस्कृती संरक्षण (वडा तर्फ ९) | ५० | विपन्न जनजाती परिवारहरुलाई बंगुरका पाठापाठी वितरण ९ | ५० | सं स.अ |
| दलित अभिमुखिकरण कार्यक्रम (वडा तर्फ ९) | ५० | विपन्न दलित परिवारलाई वंगरका पाठापाठी वितरण ९ | ५० | सं स.अ |
| फेदी ढोडेनी मो.वा.शिनपा १०(७८/११/२०) | १०० | फेदी काठेखोला बाके मो.वा. | १०० | रा. संघ |
| पर्यटन पर्वद्धनको लागि न.पा.का क. पर्यटन | १०० | बढीदमार बान्द्रे मो.वा. वडा नं ८ | १०० | आन्तरिक |

| | | | | |
|---|---|---|---|---|
| भत्ता मध्येबाट (१८ लाख) न.पा.तर्फ | | | | |
| बाउन्दी सारुडाडा झुन्नीया मो.वा. (वडा १) | १०० | घर्तिसरा आ.वि.मोटर बाटो तथा फिल्ड निर्माण वडा नं. १ | १०० | सं स.अ |
| पुरानो स्वास्थ्य भवन मर्मत (वडा १) | ५० | डाडाटोल मो.वा. तथा फिल्ड निर्माण वडा नं १ | ५० | सं स.अ |
| खारखोला घाट सुखौरा सिंचाई (वडा तर्फ १) | १०० | हल्देसेरा सिंचाई योजना वडा नं. १ | १०० | सं स.अ |
| खेल मैदान अमराई शिनपा ४ | १०० | चाक्ला रानाखोला लिफ्ट खा.पा.शिनपा ४ | १०० | प्रदेश रा. |
| न्यायिक समिति व्यवस्थापन | १००० | कानुनी साक्षरता सम्बन्धि ३ दिने तालिम | २५० | आन्तरिक |
| | | मेलमिलाप कर्ताको भुमिका सम्बन्धि अभिमुखिकरण कार्यक्रम | १५० | आन्तरिक |
| | | दहटोल खा.पा. शिनपा १३ | ५० | आन्तरिक |
| | | कामी पोखरा मो.वा. शिनपा १ | १०० | आन्तरिक |
| | | गोत्रेपानी खा.पा. शिनपा १३ | ३०० | आन्तरिक |
| | | पाहारे लखरकट्टा मो.वा. १४ | १०० | आन्तरिक |
| | | विभिन्न पोखरी मर्मत वडा नं १ | ५० | आन्तरिक |
| जनजातीका लागि आवश्यक्ता अनुसारका कार्यक्रम संचालन | ५०० | जनजाती अभिमुखिकरण गोष्ठी संचांलन | ३५० | आन्तरिक |
| | | मन्द्रे खेल मैदान शिनपा १ | ५० | आन्तरिक |
| | | कल्लेरी अमिलेचौर मो.वा. शिनपा ७ | ५० | आन्तरिक |
| | | बुचापाटा गोवाङ्ग खा.पा.मर्मत शिनपा ६ | ५० | आन्तरिक |

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकलन लगायतको कार्य गर्न कार्यालय स्थापना गरी कार्यविधिको अनुसूची १ (क) मा उल्लेख भए बमोजिमका कर्मचारी खटाउदा कार्यालयमा रहेका कर्मचारीलाई थप जिम्मेवारी प्रदान गरिने भएकोले कार्य वोझलाई मध्यनजर गर्दै कामको आधारमा बढीमा चालु आ.व.को लागि मात्र २५ प्रतिशत सुरु तलवको प्रोत्साहान भत्ता दिने । निर्देशिकामा भएको व्यवस्था बमोजिम कर्मचारी राख्ने, थप सुविधा दिने लगायतको आवश्यक खर्च नवौं नगरसभाबाट भुमिहीन तथा अव्यवस्थित बसोवासीको व्यवस्थापन शिर्षकमा विनियोजन भएको रु २० लाख बाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा मिति २०७८/११/२० को कार्यपालिकाको बैठकबाट खरको छाना विस्तापन शिर्षकमा रु ८० लाख वजेट विनियोजन भएकोमा उक्त रकमबाट निर्देशिका बमोजिम ४०

हजारका दरले वितरण गर्दा २०० घरलाई दिन सकिने अवस्था रहेको छ । उक्त २०० घर छनौट गर्दा वडा अध्यक्षले प्रतिवडा १० घरका दरले छनौट गर्ने र ६० घर प्रमुख र उपप्रमुखले छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा योजनाको उपभोक्ता समितिसँग सम्झौता गर्ने समयावधि अन्तिम पटकको लागि २०७८ साल फाल्गुन मसान्त सम्म थप गरिएकोमा हाल सम्झौता कार्य रोकिएको अवस्था भएकोमा अझै केही योजनाहरु सम्झौता गर्न बाँकी रहेकोले उक्त समयावधि मिति २०७८ साल चैत्र १५ गते सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ प्रस्तावका सन्दर्भमा पछी थप छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा शिनपा १२ पिरापानी महेन्द्र गैरेले मेरो भोगचलनमा रहेको कि.नं. ६७९, २५१६ को जग्गा खेत बनाउने र सो बनाउदा निस्कने माटो नियमानुसारको रोयल्टी बुझाई निकासी गर्न अनुमती दिन भनि दिएको निवेदन र शिनपा १२ दरवारे डाडामा रहेको कि.नं. ११३२ को घडेरी खन्ने कार्यमा निस्कने माटो रोयल्टी बुझाई निकासी गर्न अनुमनी दिन भनि दिएका निवेदनका सन्दर्भमा छलफल भयो । उक्त दुवै जग्गा २० रोपनीमा नवढ्ने गरी आसपासका जग्गालाइ असर नपर्ने गरी सम्माउन दिने र नियमानुसारको रोयल्टी बुझाई निकासी गर्न समेत दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा नगरपालिकाको नवःनिर्मित प्रशासकीय भवन यही मिति २०७८ साल चैत्र १४ गते नगर प्रमुखबाट समुद्घाटन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

प्रस्ताव नं. १८ माथि छलफल गर्दा उप मेयरकप क्रिकेट संचालनको लागि गत बैठकबाट रु १५००००।- विनियोजन भएकोमा सो रकमबाट नपुग हुने भएकोले रु २५००००।- थप गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

प्रस्ताव नं. १९ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं.४ फपरेनीमा खेलाडीहरुले प्रयोग गर्दै आइरहेको करिव ३ रोपनी जग्गाको चारकिल्ला पूर्वतर्फ सामुदायिक वन, पश्चिम तर्फ आनन्द अधिकारीको जग्गा, उत्तर तर्फ मोटर बाटो र दक्षिण तर्फ नेपाले गन्धर्वको जग्गा रहेको चार किल्ला भित्र कवड हल निर्माण गर्न सार्वजनिक जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २०**

प्रस्ताव नं. २० माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं.८ प्रदेश राजधानी क्षेत्रमा पर्ने र सो वडाका विभिन्न स्थानमा उपयुक्त संरचनाहरु निर्माण गर्न आवश्यक जग्गा भएकाले निम्न संरचना निर्माणको लागि डिपिआर निर्माणको लागि प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

*तपशिल*

(क) कृषि हाट बजार :- सुपादेउराली क्षेत्र ।

(ख) हस्पीटल :- मट्टीखण्डडाँडा क्षेत्र ।

(ग) मेडिकल कलेज :- बङ्गला राताडाँडा क्षेत्र ।

(घ) प्रदेश प्रतिष्ठान हल :- जावुने खोला राताडाँडा क्षेत्र ।

**निर्णय नं. २१**

प्रस्ताव नं. २१ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालयमा समायोजन भई आएका स्थानीय तहका कर्मचारीहरुको तलवि प्रतिवेदन स्वीकृत तथा अनुमोदन गरियो ।

**निर्णय नं. २२**

प्रस्ताव नं. २२ माथि छलफल गर्दा मिति २०७८/११/९ मा गठीत नगर स्तरीय खेलकुद समितिले संचालन गरेको मेयरकप खेलकुद प्रतियोगिता सफलता पूर्वक संचालन गरी सम्पन्न गरेकोमा उक्त समितिलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।